# २८

# हिमाली जडीबुटीको व्यापार: रित्तिँदै छ प्राकृतिक भण्डार

**मनिषा अर्याल**

हिमाली क्षेत्रमा उपलब्ध आर्थिक स्रोतहरूमध्ये सबैभन्दा बढी उपयोग सम्भवतः जडी-बुटीकै भएको छ। तर पर्वतीय क्षेत्रका किसानहरूले यसको कारोवारबाट हुने मुनाफाको साह्रै सानो अंश मात्र देख्न पाउँछन्। यो कारोवार पहिलेदेखि नै गोप्य रहिआएको छ। जडीबुटीको सङ्कलन कसले गर्छ, तिनको व्यापार कसले गर्छ, त्यसबाट कसले नाफा कमाउँछ र चाहिनेभन्दा बढी मात्रामा पो जडीबुटी निकालिँदैछ कि भन्नेबारे अत्यन्त थोरै जानकारी छ। तथापि, एउटा कुरा भने स्पष्ट छ- देशको आर्थिक भविष्य काठपातमा होइन, जडीबुटीलगायत 'ससाना वन-पैदावार'मा निहित देखिन्छ। (...)

ब्रह्मपुत्र उपत्यकाको जङ्गलदेखि कश्मीरसम्मको क्षेत्रलाई जडीबुटीको भण्डार भने हुन्छ। यहाँका पहाडी पाखाहरूबाट सङ्कलित जडीबुटी अनेक देश र महासागरहरू नाघेर गई क्यान्सर, हृदयरोग, मधुमेह, रगतको विकार र अन्य बीसौँ रोगहरूका प्रमुख औषधी बन्दछन्। जडीबुटीको व्यापारको आर्थिक पहुँच ठूलो छ। प्रशासनको तल्लो तहदेखि माथिल्लो तहसम्म व्याप्त भ्रष्टाचारले पचासौँ वर्षदेखि यस व्यापारको यन्त्रलाई चलाउँदै आएको छ। जहाँसम्म नेपालको कुरा छ यसको खुला सीमानाले कैयौँ प्रतिबन्धित जडीबुटीहरू विदेशिने बाटो दिएको छ। पात, जरा, डाँठ, अर्क आदि अनेक रूपमा सयौँ प्रकारका जडीबुटीहरू दुर्गम कन्दराहरूबाट निस्केर पहाडका प्रहरी चौकीहरू हुँदै तराईका फाँटतिर पुग्दछन्।

कानूनी र गैरकानूनी दुवै तरिकाबाट ती जडीबुटीका बिटा र बोराहरू ट्रकमा लादिन्छन् र हवाइजहाज, रेल तथा पानीजहाजबाट कार्गो गरी पठाइन्छन्। त्यसरी जाने जडीबुटीमध्ये केही भारतका वैद्यनाथ, झण्डु, डाबर जस्ता ठूला आयुर्वेदिक कम्पनीहरूले किन्छन्, केही विदेशका शृङ्गारका सामग्री उत्पादकहरूले खरिद गर्दछन्। अनि सबैभन्दा बढी मूल्यचाहिँ सम्भवतः युरोप र अमेरिकाका बहुराष्ट्रिय औषधी निगमहरू र तिनका अनुसन्धान प्रयोगशालाहरूबाट प्राप्त हुन्छ।

*हिमाल,* २०५०, पृ. ११८-१३३ मा प्रकाशित।

अहिले जडीबुटीको व्यापार कैयौँ गुणा बढेको छ। तर यो व्यापारसित सम्बन्धित विवरणहरू अज्ञात छन्: व्यापारको कुल परिमाण के कति छ; कुन जडीबुटी कति बिक्री हुन्छ; सङ्कलन, बेच-बिखन र प्रशोधनसम्ममा गरेर कति मानिस यसमा संलग्न छन्; इत्यादि प्रश्नहरू अनुत्तरित छन् ।

## पूर्वका जडीबुटीहरू

अनादि कालदेखि नै मानिसले विभिन्न रोग-व्याधिहरूको उपचार गर्न जडीबुटीहरूको प्रयोग गर्दै आएको छ । परम्परागत औषधीमूलोको केही शक्ति उपचारकर्ताहरूले उत्पन्न गर्ने मनोवैज्ञानिक प्रभावमा निर्भर रहँदै आएको छ । उनीहरू विभिन्न जडीबुटीको प्रयोग गर्दा रहस्यमय मन्त्र र श्लोकहरू पढ्ने गर्थे र अझै गर्छन् । एउटै जडीबुटीका विभिन्न औषधीय गुण हुनसक्छन् । उपचारकर्ताहरूले कुनै बेला आफ्नो मधौरुलाई कुनै खास वनस्पतिको पात चपाउन भन्छन्, कहिले त्यसैको जरालाई धुँवाएर त्यस धुँवामा सास फेर्न लगाउँछन् भने कहिले छेउमा त्यसै वनस्पतिका बोक्रा राखेर बिरामीको आत्मबल बढाउने गर्दछन् । यो रहस्यमय उपचार विधिले भन्दा पनि वनस्पतिहरूका उपयोगबारे परम्परागत ज्ञानले गर्दा बिरामी निको पार्ने धेरै औषधीहरू पत्ता लागेका थिए । त्यसैले पूर्वीय चिकित्सकहरू प्रशस्त मात्रामा जङ्गली जडीबुटीहरू पाइने पर्वतहरूतर्फ उन्मुख भएका हुन् । आज पनि यो उपमहाद्वीप, चीन र दक्षिणपूर्व एशियाका वैद्य, हकिम, आम्ची, टोन्सा र अन्य परम्परागत उपचारकहरू लाखौँलाख बिरामीहरूको उपचार गर्न युगौँ पुराना सूत्रहरूकै उपयोग गर्छन् ।

नेपालका जडीबुटीहरूको ठूलो भाग तराईतिर जान्छ तापनि काठमाडौँका वैद्यहरू अझै वरपरका डाँडापाखाहरूबाट जडीबुटीहरू खोजेर ल्याउने परम्परागत आपूर्तिकर्ताहरूमै निर्भर छन् । हिमालय क्षेत्रका अन्य ठाउँहरू, जस्तै: लेह, थिम्पू, ल्हासा र गान्तोकका सबैजसो शहर बस्तीका चिकित्साकर्मीहरू परम्परागत जडीबुटीको नै उपयोग गर्छन् । यस्तो परम्परागत उपचार विधि मैदानी क्षेत्रमा बृहत् व्यवसायका रूपमा फस्टाएको छ र यस काममा ठूलो सङ्ख्यामा वैद्य र हकिमहरू संलग्न छन् ।

आज परम्परागत चिकित्सा ज्ञानको व्यवसायीकरण भइसकेको छ । भारतमा मात्र परम्परागत औषधी निर्माण गर्ने सात हजार अनुमति प्राप्त इकाई र चार लाखभन्दा बढी पञ्जीकृत चिकित्सकहरू छन् भनिन्छ । एउटा अनुमानअनुसार भारतमा जडीबुटीबाट निर्माण गरिने औषधीको वार्षिक मूल्य आठ अर्ब भारतीय रुपियाँभन्दा बढी छ । भारतको सबभन्दा ठूलो आयुर्वेदिक औषधी कम्पनी डाबर इन्डिया लिमिटेडको सन् १९९० मा वार्षिक बिक्री भा.रु. एक अर्ब पचास करोड रुपियाँ बराबर थियो । एक समाचारअनुसार “त्यो रकम वर्षेनी २५ प्रतिशतले र प्रत्येक तीन वर्षमा दुईगुणा बढिरहेको छ ।” (...)

*न्यूजविक* साप्ताहिकमा हालै प्रकाशित एक लेखका अनुसार मर्क एन्ड कम्पनी जस्ता औषधी कम्पनीहरू औषधीय उपयोगनिम्ति ज्ञात-अज्ञात अनेक वनस्पतिहरूलाई

प्रयोगशालामा लगेर तिनमा कुनै जैविक क्रियाशीलता छ कि भनेर जाँच गराइरहेछन् । बहुराष्ट्रिय कम्पनीहरूले हिमालय क्षेत्रका वनस्पतिहरूमा रोग निदान गर्ने कुनै यौगिकहरू पाइन्छन् कि र तिनलाई मुनाफानिम्ति उपयोग गर्न सकिन्छ कि भनेर खोजिरहेछन् । संयुक्त राज्य अमेरिकाको नेशनल क्यान्सर इन्स्टिच्यूटले वर्षेनी २५ देशका ४,५०० जातका वनस्पतिहरूको विश्लेषण गर्ने गरेको बताइन्छ । यसरी विश्लेषण गरिनेमा नानाथरीका कीटाणु, फङ्गाइ र समुद्री सूक्ष्मजीवहरू पनि हुन्छन् । सम्भावनायुक्त वनस्पतिहरूको खेती गरेर औषधी कम्पनीहरूलाई आपूर्ति गरिन्छ । सो क्यान्सर इन्स्टिच्यूट हाल १३० वनस्पतिको विस्तृत अध्ययन गरिरहेको छ, तर दश हजार नमुनामा एउटाबाट मात्र औषधीय गुण प्राप्त हुनसक्छ । औषधीय गुणको विकासको लागि १० वर्ष वा अझ बढी समय लाग्न सक्छ र अनुसन्धान गर्ने प्रयोगशालाहरूलाई जडीबुटीहरूको अटूट आपूर्ति आवश्यक हुन्छ ।

प्यासिफिक यू (टचाक्सस ब्रेभिफोलिया) को बोक्राको अर्क टचाक्सोलको अहिले पाठेघरको क्यान्सर निवारणनिम्ति परीक्षण भइरहेछ । तर टचाक्सस ब्रेभिफोलिया दुर्लभ भएका कारण वैज्ञानिकहरूले टचाक्सस बक्काटा वनस्पतिका सुइराहरूको आश्रय लिनु परिराखेको छ । नेपालीमा तालिस पत्रका नाउँले परिचित टचाक्सस बक्काटा नेपाल र भारतको उत्तराखण्ड तथा हिमाचलमा जथाभावी मासिँदै छ । श्री ५ को सरकार वन विभागका सामु अहिले दुइटा प्रस्ताव राखिएका छन् । डाबर इन्डियाको शाखा डाबर नेपाल प्रतिवर्ष १,५०० मेट्रिक टन टचाक्सस बक्काटाका पातहरू टिपेर तिनको प्रशोधन गरी यूरोप र अमेरिकामा निर्यात गर्न चाहन्छ । अर्कातिर इटलीको एउटा फर्म इन्डेना स्पा नेपालका वन जङ्गलबाट वातावरणलाई हानि नहुने गरी ३०० टन टचाक्सस बक्काटा सङ्कलन गर्न चाहन्छ । त्यस फर्मको प्रस्ताव मुताविक कसरी ती पातहरू उपयुक्त ढङ्गले सङ्कलन गर्ने, कुन क्षेत्रमा र कुन मौसममा गर्ने आदि कुरा निर्धारण गर्नुका साथै उत्पादन शुरु गर्न तिनलाई इटली पठाइनेछ ।

भनिन्छ, पश्चिमा औषधी प्रयोगशालाहरूले हालसम्म विश्वका ज्ञात वनस्पतिहरूको एक प्रतिशतको मात्र परीक्षण गरेका छन् । सम्भवत: हिमाली वनस्पतिहरूको पनि त्यसभन्दा बढी अध्ययन भएको छैन । यसर्थ अब हिमाली जडीबुटीहरूका रहस्यहरू पत्ता लगाउने कामको होडबाजी तीव्रतर हुनेछ ।

## जटामसी

(...) भुवादार भएको कारण पहाडमा भुत्ले, तराईमा बालचड र सीमापारी जटामसी भनिने यो बहुमूल्य जडीबुटी पश्चिम नेपाल र भारतको उत्तराखण्डका मध्य पहाडी क्षेत्रमा ३,५०० मिटरदेखि ५,००० मिटरसम्मको उचाइमा पाइन्छ । जटामसीको जराबाट मूल्यवान तेल निस्कन्छ । आयुर्वेदिक र एलोप्याथिक दुवै चिकित्सा पद्धतिमा यो तेल टनिक, एन्टिसेप्टिक, निद्रा लगाउने औषधी, एन्टिडोट, सुगन्धित पदार्थ तथा मुर्छा, हिस्टेरिया एवम् आँतको सूलको औषधीका रूपमा प्रयोग गरिन्छ ।

यस्ता पच्चीसभन्दा बढी जातका वनस्पतिहरूको व्यापार ठूलो परिमाणमा हुने गर्दछ । तीमध्ये पाँच दुर्लभ छन् । जटामसी तिनैमध्ये एक हो । यसको सङ्कलनमा प्रतिबन्ध लागइएको छैन, तापनि यसलाई प्रशोधन नगरी निर्यात गर्न भने पाइँदैन । अरू चार वनस्पति सुगन्ध कोकिल, सुगन्धवाल, सर्पगन्धा, झ्याउ (रूखको काइ) र शिलाजीत हुन् । साँच्चै भन्ने हो भने शिलाजीत वनस्पति होइन, तर व्यापारी र वन विभाग दुवै यसलाई वनस्पति नै मान्छन् । लठ्याउने, कफनाश गर्ने र पेट सफा गर्ने आदि गुणहरू भएकाले यी वनस्पतिहरूको ठूलो माग छ । तर नेपालमा पाँच औँले र यार्सागुम्बाको सङ्कलन समेत प्रतिबन्धित छ । यी वनस्पतिहरूमा कामोद्दीपक गुण भएको मानिन्छ र पश्चिम एशियामा यिनको ठूलो माग छ । गत वर्ष जथाभावी सङ्कलनको समाचार प्राप्त भएपछि वन मन्त्रालयले टच्याक्सस बक्काटाको सङ्कलनमा पनि प्रतिबन्ध लगाएको छ ।

सुदूरपश्चिम नेपालको जुम्लाका डाँडाहरूमा जटामसीको सङ्कलन उहिलेदेखि चल्दै आएको व्यवसाय हो । जटामसी सङ्कलन गर्ने एजेन्टहरू औपचारिक तवरमा सात रुपियाँ प्रतिकिलोका दरले जिल्ला वन कार्यालयमा शुल्क बुझाउँछन् अनि टेबुलमुनिबाट अलि ठूलो रकम हाकिमहरूलाई नजराना चढाएर जटामसी सङ्कलन गर्न पाउने अनुमति पत्र (पुर्जी) प्राप्त गर्छन् । अनि उनीहरू स्थानीय गाउँलेहरूलाई प्रतिकिलो चारदेखि दश रुपियाँसम्म ज्याला दिएर जटामसीका जरा खन्न लगाउँछन् । त्यसरी सङ्कलन गरेर ल्याइएका जटामसीका जरा सदरमुकाम खलङ्गाको हवाइ अड्डामा आइपुगेपछि अझ ठूलो रकमको तिरन तारन शुरु हुन्छ । त्यसबाहेक एजेन्टले प्रतिकिलो रु. १५ जति अतिरिक्त रकम त्यहाँ बुझाउनुपर्छ जुन रकम हवाइ अड्डाका कर्मचारी र पाइलटहरूबीच बाँडफाँड हुन्छ ।

जडीबुटीबाट धेरै पैसा आउँछ र कर्णाली क्षेत्रका यी डाँडाहरूबाट निर्यात हुने एकमात्र मूल्यवान वस्तु जडीबुटी नै हो भन्ने सबैलाई थाहा छ । त्यसैले कोही पनि आफ्नो भाग छाड्न चाहँदैनन् । व्यापारीहरू भन्छन्- हवाइ अड्डामा माल जोख्ने मेशीन चलाउने कामदारहरू समेत सय रुपियाँको नोट नपाइ हलचल गर्दैनन् । सबैको एउटै भनाइ हुन्छ, “जडीबुटी प्रतिबन्धित वस्तु हुन् त्यसैले मुनाफाको हिस्सा हामीले पनि पाउनै पर्छ ।”

जुम्लामा जडीबुटीको खेत तयार छ भन्ने सुन्नेवित्तिकै शाही नेपाल वायुसेवाका पाइलटहरू नेपालगञ्जबाट रित्तो ट्विनअटर लिएर जुम्ला पुग्ने गर्छन् । सन् १९९२ को शरद ऋतुदेखि सुदूरपश्चिम वनजङ्गलबाट सङ्कलन गरिने जडीबुटीको परिणाममा वृद्धि भएको छ । नयाँ विमान सेवा नेपाल एयरवेजले चीनमा बनेका ‘उड्ने जीपहरू’ भनिने हर्बिन जहाजद्वारा राम्रो व्यापार गर्न थालेको छ । हालैको एक समाचारअनुसार जडीबुटीहरू धेरै बोक्न सकियोस् भनेर यात्रीहरूलाई तिनको शारीरिक तौलका आधारमा टिकट बिक्री गरिन्छ । हवाइ यातायातको सुगमताले त्यहाँका डाँडाकाँडाका जडीबुटी सम्पदाको दिगो उपयोगमा कस्तो प्रभाव पारेको छ भन्नेबारे सोधीखोजी गर्दा वन मन्त्रालयका अधिकारीहरूले अझै विचार गरिनसकेको पाइयो ।

यसप्रकार नेपालगञ्जको हवाइ अड्डाबाट निस्कँदा एक किलोग्राम जटामसीको मूल्य रु. ६५ जति पुग्छ । तर सरकारी जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनीले प्रतिकिलो रु. ६७ मात्र दिन्छ, त्यसमा पनि काठमाडौँको कारखानासम्मको ढुवानी खर्च व्यापारी आफैँले बेहोर्नु पर्छ। जवाभरीमा नवनिर्मित जडीबुटी प्रशोधन कारखानाले भने प्रतिकिलो रु. ६० भन्दा बढीमा किन्दैन । त्यसैले वर्षेनी सयौँ टन जटामसी र अन्य जडीबुटीहरू सीमा पार गरेर भारतका लाभदायी बजारमा पुग्नुमा कुनै आश्चर्य छैन ।

सीमा पार गर्नासाथ जटामसीको मूल्य नेपालगञ्जमा भन्दा २० प्रतिशत बढ्छ । दिल्लीको खडी बाउली बजारमा एक किलो जटामसी भा.रु. ८५ जतिमा बिक्छ । यसरी नेपालको गाउँमा रु. १० पर्ने एक किलो जटामसीको मूल्य भारतीय महानगरमा पुगेपछि झण्डै १४ गुणा बढ्छ ।

भारतदेखि उता जटामसीले पाउने मूल्यको लेखाजोखा सम्भव छैन । दिल्लीभन्दा पर्तिर हङकङ, एम्स्टर्ड्याम्, ह्यामवर्ग वा लण्डन जस्ता हिमाली जडीबुटीका प्रमुख अन्तर्राष्ट्रिय सङ्कलन केन्द्रहरूमा पुगेपछि यसको मूल्यमा पनि नाटकीय वृद्धि हुँदैजाने निश्चित छ। अनि अन्तर्राष्ट्रिय कम्पनीहरूले प्रशोधन गरेर शृङ्गारका सामान वा अन्य महँगा औषधी बनाएर तयारी मालका रूपमा बजारमा पुऱ्याउँदा ती जडीबुटीको मूल्य कैयन गुणा बढ्छ ।

## जडीबुटीको बाटो

हिमाली क्षेत्रबाट जडीबुटीहरू वसन्त ऋतुका प्रारम्भमा भरिया वा खच्चरका पिठ्यूँ, स्टोल विमान र ट्रक चढेर तलतिर ओर्लिन थाल्छन् । समुद्रपारका औषधी तथा शृङ्गार सामान उद्यमहरूका नमेटिने भोक शान्त पार्न जुम्लाका गाउँलेहरू भर्खर हिउँ पग्लिएको जमिनबाट जराहरू खन्न, बीउ जम्मा गर्न र रूखका हाँगामा लागेका झ्याउका लागि सिङ्गै रूख काट्न थाल्छन् ।

कुनै कारणवश जडीबुटीको मागमा तलमाथि भएको खबर तत्कालै जुम्लाका सङ्कलनकर्तासम्म पुग्दछ। प्रतिबन्धित जडीबुटीको मूल्य झन् बढी संवेदनशील हुन्छ। जुम्लाको हवाइ अड्डा जति नजिक हुँदै जान्छ त्यति नै तिनको मूल्य पनि बढ्दै जान्छ। टाढाटाढाबाट जुम्ला बजार आउने गाउँलेहरू आफूले सङ्कलन गरेका जडीबुटीको महत्व नबुझी बाटो छेउका ससाना पसलमा खाद्य सामग्री र कपडासँग साट्छन् । पसलेहरूले खाँचो परेका बेला गाउँलेहरूलाई सापटी दिन्छन् र जडीबुटी सङ्कलनका बेला त्यसको फाइदा उठाउँछन् ।

नेपालको सुदूरपश्चिमका हुम्ला, डोल्पा, बझाङ, डोटी र जुम्ला विमानस्थलहरूलाई जडीबुटी व्यापारको मुटु भने हुन्छ । ती विमानस्थलको धावन मार्गमा समेत जडीबुटीहरू घाममा सुकाइएको देखिन्छ । जसलाई पछि नेपालगञ्ज वा धनगढी पठाइन्छ । सम्पूर्ण हिमाली क्षेत्रमै जडीबुटीको व्यापार उत्तरबाट दक्षिणतिर हुन्छ ।

सुदूरपश्चिममा जडीबुटी सुर्खेत र नेपालगञ्जतिर झारिन्छ भने मध्य नेपालमा पर्ने मुस्ताङका जडीबुटी पोखरामा जम्मा पारेर बुटवल भैरहवा हुँदै निकासी गरिन्छ । लाङटाङ राष्ट्रिय निकुञ्ज र त्यस वरपरका क्षेत्रहरूका जडीबुटी त्रिशुलीमा सङ्कलित हुन्छन् र वीरगञ्ज पठाइन्छन् । तिब्बतबाट आउने जडीबुटीहरू पनि केरुङ हुँदै दक्षिण लाग्दछन् । तिब्बती जडीबुटीहरू आउने अर्को बाटो उत्तरी गोर्खा हो, त्यहाँबाट पोखरा-मुग्लिङ राजमार्ग हुँदै जडीबुटीलाई नारायणगढ पुऱ्याइन्छ । धनकुटाको हिलेबजार विगत दश वर्षमा पूर्वी नेपालका डाँडाहरूको जडीबुटी सङ्कलन केन्द्रका रूपमा विकसित भएको छ ।

पहाडी क्षेत्रका बाँकी सबै भागबाट यसैगरी पूर्वको काँकरभिट्टादेखि पश्चिम टनकपुरसम्मका राजमार्गहरूमा जताततै जडीबुटी ढुवानी भइरहेको देखिन्छ । ट्रकका ट्रक जडीबुटीहरूको ओसारपसार तथा तिनलाई उतार्ने-लाद्ने काम भइरहन्छ । भन्सारमा जाँचपासका प्रतीक्षामा थुपारिएका ट्रकहरू देखिन्छन् । नेपाली सीमा काट्नासाथ ती जडीबुटी कहाँबाट आएका हुन् भनेर खुट्ट्याउन असम्भव हुन्छ । तिनीहरू भारतको ग्र्यान्ड ट्रङ्क रोडबाट पूर्व लगेर कलकत्ता वा पश्चिम लगेर दिल्ली पुग्छन् । यसअतिरिक्त, कानपुर, लखनउ र बम्बइलाई पनि जडीबुटीहरूको प्रमुख सङ्कलन केन्द्र मानिन्छ जहाँबाट ती समुद्रपार पठाइन्छन् । सरकारी नियमअनुसार नेपालभित्र सङ्कलित जडीबुटी देशभर जहाँसुकै ल्याउन लैजान पाइन्छ, तसर्थ लामो र कुनै बन्देज नभएको सीमा क्षेत्रमा पनि लैजान पाइन्छ । सरकारमा रहेका र यो व्यापारमा संलग्न सबैलाई नेपालमा उत्पादन प्रायः जडीबुटी अन्ततः भारतीय बजारमा पुग्छन् भन्ने राम्ररी थाहा छ । प्रतिबन्धित वनस्पतिहरू लुकीछिपी निकासी गर्ने यन्त्रको दशौँ वर्षदेखि विकास हुँदै आएको छ र त्यो काम संस्थागत भइसकेको छ । यस काममा फौवञ्जारहरू (middlemen) को कैयौँ तह संलग्न हुन्छ । पश्चिम नेपालका जडीबुटीहरूले दिल्ली पुग्नुअघि त्यस्ता फौवञ्जारहरूको सात-आठ तह पार गरिसकेका हुन्छन् ।

जडीबुटी सम्पदाको यो तस्करीबारे उल्लेखनीय कुरा के छ भने यसबाट कसैलाई टाउको दुखेको देखिन्न । यस प्राकृतिक स्रोतको लाभ हिमाली जनताले पाउने व्यवस्था गर्ने काम सरकारको हो । तर सरकारी अधिकारीहरू फलानु वनस्पति सङ्कलन गर्न प्रतिबन्धित छ र ढिस्कानाको निर्यातमा रोक छ जस्ता कुरा गरेर मात्र आफ्नो दायित्व पूरा भएको ठान्दछन् । त्यस्तो प्रतिबन्ध र रोकबाट केही भइरहेको छैन भन्ने उनीहरूले राम्ररी बुझेका छन् । फेरि अर्को कुरा, ठूलो परिमाणको प्रशोधन गर्ने सुविधा नेपालमा छैन पनि । नेपालगञ्जमा न्याचुरल प्रोडक्ट इन्डस्ट्रीज खुल्नुअघि काठमाडौँमा मात्र सरकारद्वारा सञ्चालित एउटा जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी थियो ।

नेपालगञ्जका एकजना थोक व्यापारीले भर्खरै भारतीय व्यापारीलाई छ टन जटामसी, चार टन झ्याउ र दुई टन शिलाजीत बेचे । उनका भनाइमा प्रत्येक महिना उनको कारोबार लगभग त्यति नै हुन्छ ।

उनी ती जडीबुटीलाई 'क्यारियर'मार्फत् सीमापारि पठाउँछन् । नेपालगञ्जमा त्यस्ता तीनवटा 'क्यारियर' सक्रिय रहेको बताइन्छ, जसले जडीबुटीको कुल मूल्यको छ प्रतिशत रकम लिएर तिनलाई सीमा पार पुऱ्याउने ग्यारेन्टी दिन्छन् । ती क्यारियर-हरूको भन्सार तथा सीमा सुरक्षा अधिकारीहरूसँग बलियो साँठगाँठ हुन्छ ।

कहिलेकाँही जडीबुटीका गोदाममा स्थानीय प्रशासनले छापा मार्छ (मन्त्रीको भ्रमण हुने बेलामा वा प्रतिद्वन्द्वी व्यापारीले प्रहरीलाई उक्साएका मौकामा), तर त्यसरी छापा मारेर समातिएको व्यापारी सजिलै उम्कन सक्छ । कृष्णनगरका एकजना व्यापारी यसै-गरी सजिलै उम्किएका थिए । छुट्नुअघि छापामा समातिएका जटामसीलाई नेपाली नागरिकहरू वा नेपाली कम्पनीहरू (माथि उल्लिखित दुई कम्पनी)लाई मात्र बिक्री गर्नेछु भनेर व्यापारीले कागज गरेका थिए । भरपर्दो सूत्रका अनुसार ती व्यापारीले प्रमुख जिल्ला अधिकारीलाई रु. ३०,०००, प्रहरीलाई रु. १२,००० र भन्सार अधिकारीलाई रु. १०,००० ख्वाएका थिए । सम्भवतः ती समातिएका जडीबुटीहरू पनि सीमापार पुगिसकेका छन् ।

"यो कारोबार त खुल्लमखुल्ला हुन्छ," कृष्णनगरका एक व्यापारी भन्छन्- "भन्सार अधिकारीहरू 'गैँडा' र 'हात्ती'हरू बगलीमा हाल्छन् र जडीबुटीका ट्रकहरू पार हुँदा नदेखेजस्तो गर्छन् ।"

छ महिनाजति अघि भा.रु. ५५,००० मूल्य बराबरको १,८७५ किलोग्राम शिलाजीत भन्सार अधिकारीहरूले थाहा पाउँदापाउँदै नेपालगञ्ज सीमाबाट बाहिर निस्क्यो । त्यसरी शिलाजीत सीमा पार गराउने व्यापारीसित २५ टन 'कार्बोलिक एसिड स्टोन' निर्यात गर्न खानी तथा भूगर्भ विभागले दिएको अनुमति पत्र थियो । सन् १९९३ फेब्रुअरी ३ का दिन नेपालगञ्जबाट अर्को खेप शिलाजीत त्यसैगरी बाहिर गयो । यस पटक उनै व्यापारीले यसलाई 'कालो पत्थर' भनेर निर्यात गरेका थिए ।

कतिपय प्रतिबन्धित जडीबुटीहरू भन्सार अधिकारीहरूको मिलोमतो नभए पनि भन्सार पार हुने गर्छन् । त्यस्तो अवस्थामा जडीबुटीलाई मसलाका थैलोहरू मुन्तिर लुकाएर लगिन्छ । मुख्य-मुख्य सडकका नाकाहरूमा जडीबुटी जाँच गर्ने सरकारी चेकपोष्टहरू छन्, तर त्यहाँ काम गर्ने मानिसहरू कुन जडीबुटी प्रतिबन्धित हो कुन होइन भनी छुट्ट्याउन सक्तैनन् ।

सुकवीर माझी कृष्णनगर जाने बाटामा पर्ने नेपालगञ्ज नजिकको जडीबुटी चेकपोष्टका प्रमुख हुन् । उनी भन्छन्, "व्यापारीहरू ट्रकको माथिल्लो आधा भाग सुठोले भर्छन् र त्यसमुनि तल्लो आधाभागमा प्रतिबन्धित जडीबुटी लग्दछन् ।" पूर्वी नेपालको सिन्धुली निवासी सुकवीर माझी आफूले जडीबुटी पहिचान गर्ने कुनै प्रकारको तालिम नपाएको स्वीकार्छन् ।

कृष्णनगरमा तस्करी सजिलोसित हुन्छ । जडीबुटीका बोराहरू एक फड्कामै र तीन सेकेण्डभित्रै सीमापार हुन्छन् । तस्करहरू महाकाली र कर्णाली नदीहरूलाई पनि तस्करीनिम्ति उपयोग गर्छन् । राति यताबाट बोराहरू नदीमा फ्याँक्यो तिनलाई भारतमा पुगेपछि निकाल्यो भन्सार जाँचको कुरै आउँदैन ।

## खडी बाउली

पुरानो दिल्ली रेल्वे स्टेशनसँगै रहेको खडी बाउली भन्ने ठाउँ विगत दुई शताब्दीदेखि हिमाली जडीबुटीको प्रमुख व्यापार केन्द्र रहिआएको छ। यस्ता व्यापार केन्द्रहरू अन्य भारतीय नगरहरूमा पनि थुप्रै छन् ।

खडी बाउलीमा दुई थरीका व्यापारीहरू छन्- एकथरी, थोक व्यापारी र अर्काथरी, कमिसन एजेन्ट । थोक व्यापारीले ठूलो परिमाणमा जडीबुटी किनेर थन्क्याउँछन् र मागअनुसार बिक्री गर्दछन्। अर्कातिर कमिसन एजेन्टचाहिँ नेपालगञ्जका थोक व्यापारीहरूबाट जडीबुटी उठाउँछन् र सम्भावित खरीदकर्ताका खोजीमा बस्छन् । औसतमा त्यस्ता एजेन्टले आफ्नो कमिसनबापत बिक्री मूल्यको ६ देखि ८ प्रतिशतसम्म रकम लिन्छन् ।

खडी बाउलीका साँघुरा गल्लीहरूमा सुट टाई लगाएका र ब्रिफकेस बोकेका अन्तर्राष्ट्रिय एजेन्टहरू तथा उम्दा जडीबुटी र मिश्रणहरूको खोजीमा आएका वैद्य र हकिमहरू आपस्तमा ठेलमठेल गरिरहेको अनौठो दृश्य देख्न पाइन्छ। त्यहाँ कहिलेकाहीँ नेपाली टोपी लगाएको कुनै पहाडी किसानलाई गम्भीरतासाथ मोलतोल गर्दैगरेको पनि देखिन्छ । प्रत्येक पसलमा तीन चारजना कामदारहरू हुन्छन् जो जडीबुटीका बोराहरूलाई एउटा भण्डारबाट अर्कोमा ठेलागाडीमा वा ट्रकमा पुऱ्याउने काम गर्छन् । त्यहाँको सम्पूर्ण वातावरण सुकेका जडीबुटीका मिश्रित गन्धले भरिएको हुन्छ । त्यहाँ जडीबुटी खरीद गर्न तीन थरीका ग्राहकहरू आउँछन् । एकथरी ती थोक व्यापारी साहू-महाजन हुन् जसले व्यावसायिक आयुर्वेदिक वा युनानी औषधालयहरू र भारत-भरका लाखौं वैद्य र हकिमहरूकहाँ जडीबुटी पुऱ्याउँछन् । दोस्रोथरीका व्यापारीमा भारतीय शृङ्गार सामान तथा औषधी उत्पादक कम्पनीहरूका एजेन्ट हुन्छन् र तेस्रोथरीमा पश्चिमी मुलुकमा जडीबुटी निर्यात गर्ने भारतीय कम्पनीका प्रतिनिधिहरू हुन्छन् ।

खडी बाउलीमा वैध-अवैध सबै किसिमका जडीबुटीहरू किन्न पाइन्छ । पाँच औंले (भारतमा यसलाई 'सालम-पञ्जा' भनिन्छ) प्रतिकिलो भा.रु. ५६० मा बिक्री हुन्छ । त्यहाँका एक व्यापारीले यस लेखकलाई "आफ्नो भण्डारबाट पाँच क्विन्टल 'खाँट्टी नेपाली पाँच औंले' अहिल्यै दिन सक्छु" भनेका थिए । त्योभन्दा बढी चाहिएमा दुई-तीन दिन समय लाग्ने उनले बताए । उनका भनाइमा त्यो समय नेपालगञ्ज र धनगढीका उनका एजेन्टहरूलाई खबर पठाउनका लागि हो । त्यहाँ पाँच औंले नपाइएमा कानपुरमा बस्ने आफ्नो भाईमार्फत् भुटानमा रहेका एजेन्टहरूद्वारा सो व्यवस्था गर्न सकिने उनले बताए ।

बाबूराम हरिश्चन्द्र कमिसन एजेन्टका सुवासचन्द्र कसेरा आफूले सबै जडीबुटी नेपालबाट कानूनी रूपमा नै झिकाउने गरेको दाबी गर्छन् । "नेपालगञ्जको घोसीटोलमा बस्नेहरू मात्र तस्करी गर्दछन्," उनी विश्वासका साथ भन्छन् । प्रश्न उठ्छ, उनी जडीबुटी कसरी प्राप्त गर्छन् त ? "हामी नेपालका 'मिरिण्डावाले'

मदनलाल-चीरञ्जीवीलालसित खरीद गर्छौं। अरू कसैलाई विश्वास गर्दैनौं।" तपाइँसित अहिले नेपाली जडीबुटीहरू के के छन् त भन्ने प्रश्नको जवाफमा कसेराले आफ्नो पसलको कुनामा थाक लागएर राखिएका जटामसी, सुगन्धवाल र सुगन्ध कोकिलका बोराहरूतर्फ औँल्याए । यी सबै नेपालमा प्रतिबन्धित जडीबुटी हुन् ।

जडीबुटीको यो शताब्दीयौँ पुरानो व्यापारले मुख्यतः परम्परागत चिकित्साका मागलाई नै पूरा गर्दै आएको थियो । तापनि बीसौँ शताब्दीका पछिल्ला दशकहरूमा आएर खडी बाउलीका व्यापारीहरूले पश्चिमा बजारको विशाल सम्भावना खुलेको देखेका छन्। पश्चिमी मुलुकहरूसित हुने व्यापारको परिमाण निश्चित गर्न असम्भव भएपनि भारतलाई जडीबुटीको व्यापारबाट हुने आम्दानीको घटीमा आधा भाग पश्चिमी देशका औषधी कम्पनी र प्रयोगशालाहरूबाट प्राप्त हुन्छ भनेर किटानसाथ भन्न सकिन्छ। पश्चिमा बजारबाट विदेशी मुद्रामा भुक्तानी प्राप्त हुने भएकाले मात्र नभई भारतीय सरकारले व्यापारीहरूलाई निर्यात मुनाफामा कर छूट दिएकाले निर्यात कारोबार लाभप्रद छ । "तर पश्चिममुखी व्यापारलाई कायम राख्नु त्यति सजिलो काम होइन," खडी बाउलीका व्यापारीहरू भन्छन्। त्यसका लागि वातानुकुलित अफिस बनाउनु पर्छ, 'केमिकल मार्केटिङ रिपोर्टर' जस्ता पश्चिमा बजार पत्रिकाको ग्राहक बन्नुपर्छ, विश्वबजार प्रवृत्तिको लेखाजोखा राख्नुपर्छ र आफ्ना वस्तुहरूको जानकारी दिने चिल्ला प्रचार पुस्तिकाहरू छाप्नुपर्छ ।

जडीबुटीको निर्यात व्यापार गर्ने त्यस्तै एउटा कम्पनी इन्डो-वर्ल्ड ट्रेडिङ कर्पोरेशनले आफ्नो प्रचार पुस्तिकामा भारत, नेपाल, भुटान र सिक्किममा उम्रने वनस्पतिहरूको खेती, सङ्कलन र आपूर्तिको भरपर्दो व्यवस्था गर्नसक्ने दाबी गर्छ। उक्त पुस्तिकामा त्यस कम्पनीले उपलब्ध गराउन सक्ने जडीबुटीहरूको फेहरिस्त दिइएको छ साथै "हामीसित अरू पनि धेरै जडीबुटीहरू उपलब्ध गराउन सक्ने क्षमता छ" भनिएको छ ।

प्रवीण अग्रवालको परिवार पुस्तौँदेखि जडीबुटी व्यवसायमा लागेको छ । अग्रवालको 'इन्टरनेशनल ट्रेडर्स'को गली बताशास्थित कार्यालयमा पुग्न भारी बोकेका मानिसहरूको भीडले भरिएको साँघुरो गल्ली र अँध्यारो तथा साँघुरो भऱ्याङ चढेर जानुपर्छ। त्यस वातानुकुलित कार्यालयभित्र पसेपछि बजारको होहल्ला कता हराउँछ कता । त्यहाँ चार लाइन टेलिफोन, डेस्कटप कम्प्यूटर, फोटोकपी एवम् टेलेक्स मेशीन छन्। अग्रवाल यसै ठाउँबाट हिमाली जडीबुटीलाई विश्वभरिका आयातकर्ताकहाँ पठाउँछन्। उनी बराबर पश्चिम एशिया पुगिरहन्छन् किनभने त्यहाँ जडीबुटीको ठूलो माग छ । अनि उनका भाइचाहिँ पूर्वी हिमालबाट जडीबुटी सङ्कलन हुने केन्द्र कलकत्ता तथा जापान र पश्चिमको फेरो मारिरहन्छन् ।

अर्का एक व्यापारीका अनुसार पश्चिमा ग्राहकहरूलाई चित्त बुझाउन साह्रै गाह्रो छ। "यस व्यापारमा विश्वसनीयता प्राप्त गर्न धेरै समय लाग्छ। आयातकर्ताले निर्धारित गरे अनुसारको गुणस्तरको जडीबुटी नभए तिनलाई फिर्ता पठाइन्छ । हामीले आपूर्ति गर्नसक्ने परिमाण र गुणस्तर दुवैको ग्यारेन्टी गर्नुपर्छ। आयातकर्ताहरू

वनस्पतिका ल्याटिन नाम माग्छन् र कहिलेकाहीँ त कुनै खास जडीबुटीबाट कति तेल निस्कन्छ त्यसको ठीक ठीक मात्रा समेत सोधी पठाउँछन् । उनीहरूको प्रयोगशालामा परीक्षण गरिँदा हामीले पठाएको जडीबुटीको गुणस्तर उपयुक्त नदेखिएमा पूरै खेप अस्वीकृत गरिन्छ ।"

यस्तो जेलिएको बजार व्यवस्था भएकाले पश्चिमी देशसित नेपाल आफैँले गर्ने व्यापार नगण्य छ । पश्चिमा मुलुकमा जडीबुटी निर्यात गर्न चाहने काठमाडौँका व्यापारीहरू सरकारको व्यापार प्रबर्द्धन केन्द्रसँग सम्पर्क राख्दछन् । गलैंचा, काठ र पित्तलका सामानहरूको प्रबर्द्धन गर्नेमा अति व्यस्त सो केन्द्रले त्यस्ता निर्यातकर्ताहरूलाई भारतसित सम्बन्ध भएका व्यापारीहरूकहाँ पठाउने गर्दछ, जहाँबाट उनीहरू सीधै भूमिगत बजारको प्रवेश मार्गमा पुग्दछन् ।

सीमापार गर्नासाथ जडीबुटीहरूले नेपाली 'पहिचान' गुमाउँछन्, ती भारतीय मूलका बन्न पुग्दछन् । अग्रवाल भन्छन्, "यहाँबाट निर्यात गरिँदा ती सबै भारतीय जडीबुटी भनेर निर्यात गरिन्छन् ।" आयात गर्ने देशहरूले स्रोत प्रमाणपत्र खोज्छन् र त्यस्ता प्रमाणपत्र भारतमा सजिलै बनाउन सकिन्छ । किनभने नेपालमा पाइने धेरैजसो जडीबुटीहरू भारतको उत्तराखण्ड क्षेत्रमा पनि पाइन्छन् । जडीबुटीको व्यापारको वास्तविक आकारबारे कसैले यकिनसाथ भन्न सक्तैन । यसै व्यापारमा लागेका व्यक्तिहरू समेतलाई यसको केही जानकारी छैन । प्राचीनकालदेखि चल्दै आएको र आज पनि हजारौँ मानिसहरूको संलग्नता रहेको यस व्यापारको समग्र बजार स्थितिबारे यथार्थमा बताउन सक्ने कुनै आधार छैन ।

पहिलो कुरा त उपलब्ध व्यापार तथ्याङ्कहरूमा (जो आफैँ भरपर्दा छैनन्) मसला र जडीबुटीहरूलाई छुट्ट्याउन कठिन छ, किनभने त्यस्तो भेद सधैँ स्पष्ट हुँदैन । अनि ओसारपसारको कारोबारबारे जे जति तथ्याङ्क उपलब्ध छन् । ती पनि काम लाग्ने छैनन्, किनभने पूराका पूरै खेपहरू न्यून बीजकीकरण गरिएका हुन्छन् ।

जहाँसम्म नेपालबाट भारतमा निर्यात हुने कुरा हो तस्करीका कारणले उपलब्ध तथ्याङ्कको कुनै अर्थ रहँदैन । सीमा भन्सार चौकीहरूमा राखिने रेकर्डहरूलाई भन्सार विभागका एक अधिकारीले नै "ती भरपर्दा छैनन्" भनी पन्छाएका थिए । त्यसमाथि, ०.५ प्रतिशत सेवा शुल्क लाग्ने सबै वस्तुहरू (यिनमा अनुमतिप्राप्त जडीबुटी र मसलाहरू पनि समावेश छन्) एउटै समूहमा राखिएको हुन्छ । नेपालको पूर्वी पहाडी सीमाको पशुपतिनगरस्थित भन्सार चौकीको रेकर्ड किताबमा गत वर्ष कुनै जडीबुटी निर्यात भएको देखिँदैन । पहिलेका एकजना जिल्ला वन अधिकारी नेपालमा उपलब्ध हुने कुनै पनि तथ्याङ्कमाथि विश्वास नगर्न सल्लाह दिन्छन् । उनले बताएअनुसार कुनै सङ्कलनकर्ताले ५० टन जडीबुटी सङ्कलन गरे तापनि त्यसलाई वन विभागका कर्मचारीको मिलोमतोमा ३० टन मात्रै देखाइन्छ । अतिरिक्त २० टनको राजस्व ती कर्मचारीहरूले खान्छन् । त्यसपछि व्यापारीले भन्सारमा घूस खुवाएर केबल १५ टनको शुल्क तिर्छ । त्यसैले विभागको तथ्याङ्कबाट त्यही १५ टन मात्र निकासी भएको देखिन्छ ।

खडी बाउलीमा खरीद बिक्रीको सम्झौता गरिँदा आयकर कम तिर्नु परोस् भनेर सामान्यतया कारोबारको २५ प्रतिशतमात्र लिखतमा देखाइन्छ । यसमा निर्यातकर्ता र स्थानीय व्यापारीहरू मिलेका हुन्छन् र लेनदेन नगदमै गर्ने गर्छन् । उता जडीबुटी तथा कोरा औषधीका निर्यातकर्ताहरूले निर्यात मुनाफामा कर तिर्नु पर्दैन । भारतबाट निर्यात प्रोत्साहित गर्न यो नीति बनाइएको हो । तर यसले गर्दा निर्यातकर्ताहरूले सरकारी अधिकारीहरूलाई निर्यातबारे कुनै किसिमको सूचना दिइरहनु पर्दैन । अतः निर्यात बजार वास्तवमा कति ठूलो छ भन्ने जानकारी पनि सबैलाई हुँदैन ।

यस उपमहाद्वीपका औषधीय वनस्पतिहरूको विस्तृत जानकारी दिने 'वेल्थ अफ इन्डिया' प्रकाशन मालाका सहयोगी दिल्लीका सरकारी वैज्ञानिक एच.सी. जैन भन्छन्, "व्यापारीहरू हामीकहाँ वनस्पतिका वैज्ञानिक विवरणहरू खोज्न आइरहन्छन्, तर कसैले पनि उनीहरू के को व्यापार गर्छन्, त्यसबाट कति नाफा कमाउँछन् भन्ने जानकारी दिँदैनन् ।"

जीवजन्तु र वनस्पतिहरूको गैरकानूनी व्यापारमाथि निगरानी राख्ने संस्था 'ट्राफिक इन्डिया'का अशोककुमार जडीबुटीहरूको पूर्णतः बेवास्ता भइरहेको बताउँछन् । उनका भनाइमा वनस्पति तथा जीवजन्तुहरूको चाहिँ खूबै अध्ययन भएको छ । हिउँ चितुवा, गैँडा, अर्किड जस्ता कुराले मानिसहरूलाई आकर्षित गर्दछ, तर सामान्य जडीबुटीहरूबारे कोही पनि चासो राख्दैनन् । (...)

जडीबुटीको व्यापारको परिमाण निर्धारण गर्ने क्रममा अतिशयोक्तिको गल्ती हुने सम्भावना छ । यसको कारोबार अनुमान गरिए जति हुँदैन भन्नेहरू पनि छन् । शाही नेपाली राजदूतावास, नयाँ दिल्लीमा नेपाल भारत व्यापार सम्बन्ध हेर्ने आर्थिक सल्लाहकार शान्तराम भण्डारी पनि जडीबुटीको बजार त्यति ठूलो नहोला जति देखाउन खोजिन्छ भन्ने विचार व्यक्त गर्छन् । उनी भन्छन्, "म व्यापार प्रबर्द्धन केन्द्रमा छँदा र यहाँ दिल्लीमा मेरो चार वर्षको कार्यकालमा, नेपाली जडीबुटीसम्बन्धी जानकारी खोज्ने धेरै मानिसलाई मैले भेटेको छैन । यो व्यापार त्यति ठूलो छैन भन्ने मेरो विश्वास छ ।"

जडीबुटी कारोबारको अवैध प्रकृतिले गर्दा पनि व्यापारीहरू राजदूतावास वा अन्य सरकारी संस्थामा जान हिच्किचाएका हुनसक्छन् । उनीहरूका लागि त बाहिरी संसारले त्यस व्यापारबारे जति कम थाहा पाउँछ त्यति नै उनीहरूको कारोबार तथा उच्च मुनाफा सुरक्षित हुन्छ ।

यसप्रकार सही तथ्याङ्कको नितान्त अभाव छ भन्ने छर्लङ्ग हुन्छ । जडीबुटीको सङ्कलन र व्यापारको परिमाण तथा तिनको निर्यात मूल्यबारेका सबै जानकारी दुर्लभ छन् । जानकारी र सूचनाको यस्तो अभावले अनुसन्धानकर्ताहरूलाई विश्लेषण गर्न अप्ठेरो परेको छ भने सरकारलाई नीति निर्धारण गर्न आधार मिल्दैन । अनि जागरुक सामाजिक कार्यकर्ताहरू पनि केही गर्न सकिरहेका छैनन् ।

## बिउँझिने बेला भयो

सरकारी अधिकारीहरू 'जानकारीको अभाव' देखाएर जडीबुटीको अवैध शोषण र तस्कर व्यापारलाई प्रश्रय दिइरहेछन्। तर जडीबुटीको शोषण र दिगो विकास र उपयोग तथा मुनाफाको बढी समानतामूलक वितरण सुनिश्चित गराउन अब उनीहरू क्रियाशील हुनेबेला आएको छ। (...) वन गुरुयोजनामा 'सानातिना वन पैदावारहरू' (जसमा जडीबुटीहरू पनि समावेश छन्)लाई कुनै महत्व दिइँदैन। हिमाचल प्रदेश वा उत्तराखण्ड वा उत्तरापूर्व भारत वा नेपाल कुनै ठाउँका सरकारी संस्थाहरू पनि दुरुपयोग रोक्ने मनस्थितिमा छैनन्, न उनीहरूको त्यसलाई सामना गर्ने क्षमता नै छ। वन योजनामा औषधीय वनस्पतिहरूको उपयोग सम्बन्धमा देखाइएको उपेक्षाभावको ज्वलन्त उदाहरण भारत सरकारको वन नियमावलीमा पाइन्छ। त्यहाँको वन नीतिमा सामान्य वन पैदावारहरू पायक पर्ने ठाउँमा डिपोहरू खोली उचित मूल्यमा उपलब्ध गराइनु पर्छ भनिएको छ। एउटाले दिन्छ, अर्कोले खोस्छ। जडीबुटीसम्बन्धी यो अल्पदृष्टिले नेपालको वन क्षेत्रमा पनि जरो गाडेको छ। (...)

समष्टिमा, नीति निर्माताहरूदेखि निकुञ्जका रेञ्जरहरूसम्म सबैको ध्यान अझै टिम्बरमा मात्र केन्द्रित रहेकाले औषधीय वनस्पतिहरूलाई प्रमुख आर्थिक आर्जनको रूपमा हेरिएकै छैन। सूचना सम्पर्क बढ्नाका कारण हालै मात्र केही गाउँलेहरू जडीबुटीको व्यापारका सम्भावनाहरू बुझ्न थालेको छन्। तर यसको श्रेय सरकारी अधिकारीहरूलाई जाँदैन। जुम्लाको बाह्रकोट गाउँका श्रीबहादुर हमाल जस्ता केही व्यक्तिले त स्थितिलाई आफ्नै हातमा लिन समेत थालिसकेका छन्। हमाल पूरै एक प्लेन जटामसीको खेप लिएर सन् १९९३ को जनवरी महिनामा नेपालगञ्ज उत्रिए र त्यो खरीद गर्ने ग्राहकको खोजीमा लागे। तर कृष्णनगर र नेपालगञ्जका गोदामहरूमा भर्खरै मात्र छापा मारिएको कारण जटामसीको मोल स्वात्तै घटेको थियो र हमाल ठूलो मुश्किलमा परे।

## चुनौतीहरू

आज हमाल र उनी जस्ता अन्य कृषकहरूले मधेशका मानिसहरूलाई धेरै अघिदेखि गाँस र कपास दिँदै आएको यस व्यापारलाई बुझ्न सकून् र त्यसबाट फाइदा लिन सकून् भनेर सहयोग गर्नु परेको छ।

गैरसरकारी संस्थाहरूको खास ध्यान औषधीय वनस्पतिहरूतर्फ जानुपर्छ किनभने ती पहाडी आयका प्रमुख स्रोत हुन्। ती संस्थाहरू एकातिर नेपाली डाँडाकाँडाका कृषकहरूनिम्ति आयको वैकल्पिक स्रोतहरू खोज्न प्रयत्नशील छन् भने अर्कातिर, उनीहरू परचक्रीले मात्र फाइदा उठाउँदै आएका स्थानीय स्रोतलाई भने बेवास्ता गर्नपुगेका छन्। विदेशी सहायतामा सञ्चालित परियोजनाहरू दशौं वर्षदेखि 'एकीकृत पहाडी विकास'मा लागेका छन् तर दुईचार विषयमा अध्ययन गर्ने कामबाहेक स्थानीय आयलाई फौवञ्जरका हातबाट खोसेर कृषकहरूसम्म पुऱ्याउने कुनै कार्यक्रम

उनीहरूबाट सञ्चालन गरिएको छैन । अनि अर्को महत्वपूर्ण कुरा के भने गाउँलेहरूलाई तिनका हातबाट दिनहुँ चिप्लिएर जाने सम्पदाबारे सचेत गर्ने काम पनि कसैबाट भएको छैन ।

निश्चय नै यो राजनीतिक दृष्टिले संवेदनशील क्षेत्र हो । अतः हल्काफुल्का कार्ययोजना लिएर धेरै विकास संस्थाहरू समाजमा विद्यमान आर्थिक सम्बन्ध परिवर्तन गर्ने काममा हामफाली हाल्न अनिच्छुक देखिन्छन् । अघि कहिल्यै कसैले चुनौती दिन नसकेको र गहिरो जरा गाडेर बसेका निहित स्वार्थहरूबाट थैलो खोस्ने कुनै पनि प्रयासनिम्ति राजनीतिक आँट र अग्रसरता चाहिन्छ । केही वर्षअघि केही विकास कार्यकर्ताहरूले गोर्खाका किसानहरूले आफ्नो उत्पादनको समुचित मूल्य पाउन सकून् भनेर स्थानीय फौवञ्जारहरूको हस्तक्षेपलाई पन्छाउने उद्देश्यले किसानहरूलाई सङ्गठित गर्न खोज्दा यो कुरा स्पष्ट रूपमा प्रकट भएको थियो । त्यस प्रयासको उग्र विरोध भयो र यसमा काठमाडौँका राजनीतिक क्षेत्रका उच्च तहबाट पनि घ्यू थप्ने काम गरियो । कुमाउँ र गढवालका पहाडी इलाकाहरूमा मैदानका काठ व्यापारीहरूको अतिक्रमण रोक्ने प्रयास गर्दा चिप्को कार्यकर्ताहरूले बेहोर्नु परेका बाधा विरोधबाट पहाडी किसानहरूले जडीबुटीको रक्षा गर्ने विचार गरेमा त्यस्ता कार्यकर्ताहरूले कस्ता समस्याको सामना गर्नु पर्दोरहेछ भन्ने कुराको सङ्केत पाइन्छ ।

सरकारको सधैँ यस्तै ताल रहने हो भने सकृय जनस्तरीय कार्यक्रम सञ्चालन गरेर मात्र गाउँलेहरूलाई जागरुक बनाउन सकिन्छ । पहाडका बासिन्दाहरूलाई उनीहरूले सङ्कलन गर्ने जराजुरी, पात-पतिङ्गर तथा डाँठका महत्व बुझाउनु पर्दछ र यसका साथै तिनको बिक्री कसरी गर्ने भन्ने पनि सिकाउनु पर्दछ । जडीबुटी सङ्कलन गरिने क्षेत्र र सङ्कलित वनस्पतिको संरक्षण विधि तथा प्राथमिकता प्रशोधनबारे ज्ञान दिनुपर्दछ र एजेन्टहरूले ठग्नलाई अपनाउने तरिकाहरूबारे पनि उनीहरूलाई सचेत गराइनु आवश्यक छ ।

सामाजिक कार्यकर्ताहरूले गर्नसक्ने काम थुप्रै छन् । अनि नेपाली गैरसरकारी संस्थाहरू आफ्नोसामु रहेका विशाल चुनौतीहरूलाई भर्खर देख्दैछन् । कुमाउँ गढवाल र हिमाचलका पहाडहरूमा सामाजिक आन्दोलनको लामो परम्परा भएकाले स्वयम्सेवी सामाजिक सङ्गठनहरू औषधीय वनस्पतिहरूको क्षेत्रमा पनि सकृय भइसकेका छन् । उदाहरणका लागि, टर्मेनिलिया चेबुला जडीबुटीको अन्धाधुन्ध उपयोग भइरहेको ठाउँ हिमाचलमा सोसाइटी फर प्रोटेक्सन अफ वेस्टल्यान्ड भन्ने संस्थाले एन्भारन्मेन्टल एक्सन रिसर्च नामक एक स्थानीय गैरसरकारी संस्थासित मिलेर जडीबुटीको दिगो उपयोगको महत्व र समुचित मूल्य प्राप्त कसरी गर्ने भन्नेबारे स्थानीय महिला मण्डलहरूलाई सचेत गराउन चलाएको अभियानलाई लिन सकिन्छ । यस्ता जानकारी पाएर सङ्गठित भएका यी महिला मण्डलहरू ठेकेदारहरूको शोषणविरुद्ध लड्न सबभन्दा प्रभावकारी हुन्छन् भन्ने कुरा विगतका अनुभवहरूले देखाइसकेका छन् । (...)

जडीबुटी बजार हिमाली भेगका सबै राज्य र तिब्बतको समेत सरोकारको विषय हो । तापनि भारतका हिमाली राज्यहरूबीच आपसमा यसबारे नगण्य सम्पर्क छ । यस क्षेत्रका विभिन्न राष्ट्रका सरकारहरूबीच त यस्तो सम्पर्क छँदै छैन । केही नभए सक्रिय गैरसरकारी संस्थाहरूबीच मात्र भए पनि क्षेत्रीय स्तरमा सूचनाहरूको आदानप्रदान र समन्वय कायम हुनसके उपयोगी हुने थियो । विशेषतः सुदूरपश्चिम नेपाल र सँगैको उत्तराखण्ड इलाकाबीच वनस्पतिहरूका दृष्टिले धेरै समानता भएकाले सरकारी अधिकारीहरू, गैरसरकारी संस्थाहरू, सामाजिक कार्यकर्ताहरू र किसान समूहहरूबीच सीमा वारिपारि अन्तर्क्रिया हुन आवश्यक छ । त्यति नभएसम्म जडीबुटी व्यापारमा संलग्न निहित स्वार्थहरूको नै हालीमुहाली चलिरहने छ । ♦